बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प.सं.- २०८३/०८४
च.नं.-

हेटौंडा, नेपाल
मितिः २०८३/०५/१६

## प्रेस विज्ञप्ति

हालैको बाढीपहिरो तथा प्राकृतिक विपद्का कारण सिर्जित जटिल अवस्थाको प्रभावकारी व्यवस्थापन, खोज, उद्धार, राहत, पुनर्स्थापना एवम् हेटौंडा-काठमाडौं जोड्ने वैकल्पिक राजमार्गहरूको चुस्त सञ्चालनका लागि प्रमुख सचिवज्यूको अध्यक्षतामा बसेको सचिवस्तरीय बैठकले देहाय बमोजिमका महत्त्वपूर्ण निर्णयहरू गरिएको जानकारीका लागि अनुरोध छ।

१. संवत् २०८३ साल भदौ १० गते रसुवा जिल्लाको आमाछोदिङमो गाउँपालिका, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीका कारण भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै, उक्त प्राकृतिक विपद्मा परी ज्यान गुमाउनुहुने सम्पूर्ण व्यक्तिहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने, शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने।

२. विपद् प्रतिकार्यको डिजिटल अभिलेखीकरणः

विपद् पश्चात प्रभावित क्षेत्रमा प्रदेश सरकारबाट सञ्चालित खोज, उद्धार, राहत तथा पुनर्नस्थापना लगायतका प्रतिकार्यका विवरण तथा प्राप्त तथ्याङ्कहरूलाई पारदर्शी र व्यवस्थित बनाउन हाल प्रयोगमा रहेका आधिकारिक डिजिटल प्लेटफर्महरूमा नियमित सम्प्रेषण तथा व्यवस्थापन गर्ने/गराउने ।

३. भीमफेदी-कोगटे-ईपा देउराली-सिस्नेरी वैकल्पिक मार्ग सञ्चालनः

हेटौंडा-काठमाडौं अन्तर्गत भीमफेदी-कुलेखानी खण्डको साँघुरो मार्गको वैकल्पिक व्यवस्थाका लागि भीमफेदी-कोगटे-ईपा देउराली हुँदै सिस्नेरीसम्मको मार्ग निर्माण कार्य तत्काल सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। यसका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयले जिल्ला प्रशासन कार्यालय, मकवानपुरसँग समन्वय गरी यातायात व्यवस्थित गर्ने।

३. ट्राफिक व्यवस्थापन तथा बेली ब्रिजको निरन्तर निगरानीः

सडकमा बढेको ट्राफिक चापलाई ध्यानमा राखी हेटौंडा-काठमाडौं जोड्ने दुई खण्डहरू (क) भीमफेदी-देउराली-कुलेखानी-फाखेल-फर्पिङ र (ख) भीमफेदी-सिस्नेरी-छैमले-फर्पिङ मा जिल्ला प्रशासन कार्यालय, मकवानपुर र जिल्ला ट्राफिक प्रहरी कार्यालय, मकवानपुरसँग समन्वय गरी यातायात सञ्चालन चुस्त बनाइनेछ। साथै, उक्त खण्डमा पर्ने बेली ब्रिजहरूलाई नियमित निरीक्षण गरी चालू अवस्थामा राख्ने व्यवस्था भौतिक पूर्वाधार विकास मन्त्रालयले मिलाउने।

फोन नं.०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइटःwww.ocmcm.bagamati.gov.np ईमेलः ocmcm@bagamati.gov.np

बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प.सं.- २०८३/०८४
च.नं.-

हेटौंडा, नेपाल
मितिः २०८३/०५/१६

४. अन्तर-जिल्ला ट्राफिक समन्वय तथा निर्देशनः

सडकको अवस्थालाई दृष्टिगत गरी प्रमुख सचिवज्यूबाट काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ, मकवानपुर, चितवन र सिन्धुलीका प्रमुख जिल्ला अधिकारीहरू एवम् बागमती प्रदेश प्रहरी प्रमुख (प्रहरी नायब महानिरीक्षक)लाई आवश्यक ट्राफिक व्यवस्थापन सम्बन्धी निर्देशन दिइएकोछ। यसको आवश्यक समन्वय आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयबाट गर्ने।

५. भोटेकोशी बाढी नोक्सानी मूल्याङ्कन उपसमिति गठनः

प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ३८ बमोजिम भोटेकोशी बाढीका कारण भौतिक पूर्वाधार तथा जनधनमा भएको क्षति तथा नोक्सानीको एकीकृत विवरण संकलन गर्न देहाय बमोजिमको उपसमिति गठन गरिएको छः

- संयोजकः सचिव, नीति तथा योजना आयोग
- सदस्यः सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय
- सदस्यः सचिव, आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय
- सदस्यः सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय
- सदस्यः सचिवहरू (दुवै), स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
- सदस्य सचिवः कोष नियन्त्रक, प्रदेश कोष तथा लेखा नियन्त्रकको कार्यालय

६. यस वर्षको निजामती सेवा दिवस प्रदेश भर विपद् केन्द्रित विभिन्न कार्यक्रम गरी मनाईनेछ। जलवायू परिवर्तनका असर न्यूनीकरण, सचेतना तथा प्रतिकार्य योजना सम्बन्धी गोष्ठि लगायत विपद्को समयमा अस्पतालमा हुने रक्त अभावलाई मध्यनजर गर्दै रक्तदान कार्यक्रम, शोक सभा एवम् श्रद्धाञ्जली कार्यक्रम, विपद् पीडितका लागि मनोसामाजिक परामर्श सहितको निःशुल्क स्वास्थ्य शिविर, विपद् केन्द्रित कर्मचारी राहत सङ्कलन कार्यक्रमहरु समावेश गरी सो दिवस एक सप्ताह मनाईने।

प्रदेश सरकार विपद्को यस कठिन घडीमा सम्पूर्ण नागरिकको सुरक्षार्थ र विपद्मा परेकाहरुको खोज, उद्धार, राहत तथा पुनर्स्थापनाका लागि प्रतिबद्ध रहेको र विपद् प्रतिकार्य एवम् सडक सञ्जाल पुनःसञ्चालनमा निरन्तर क्रियाशील रहेको स्पष्ट पार्न चाहन्छौं।

(प्रवक्ता)

फोन नं.:०५७५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स नं.: ५२७५०७ वेबसाइटःwww.ocmcm.bagamati.gov.np ईमेल ocmcm@bagamati.gov.np